# सामुदायिक विद्यालयमा शिक्षक छनौटको प्रक्रिया

स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन  विषयको **Ed. CE.(598)** को शोधपत्र लेखनको आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

वसन्ती कुवँर

परीक्षा रोल नं. २८०००६/२०६७

त्रि.वि. दर्ता नं. ९-२-८०७-२००४



प्रस्तुत

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०६९,श्रावण

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग
कीर्तिपुर, काठमाडौं

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयकी छात्रा वसन्ती कुवँरले **सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया** शीर्षकमा तयार गरेको शोधपत्र लेखन कार्यमा म सन्तुष्ट छु । त्यसैले मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गर्नको लागि स्वीकृति दिन सिफारिस गर्दछु ।

............................

मिति : २०६९/०४/२३

7 August, 2012

उप.प्रा. रविन्द्र शिवाकोटी

(शोधनिर्देशक)

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौं

# स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय, एम. एड. द्वितीय वर्षकी छात्रा वसन्ती कुवँरले **सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया** शीर्षकको शोधपत्र लेखन कार्य पूरा गरेकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस साथ यस मूल्याङ्कन समितिमा पेश गरिएकोमा मूल्याङ्कन समितिद्वारा समितिले शोधपत्र मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयं प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख) | ............................ |
| उप.प्रा. रविन्द्र शिवाकोटी<br>(शोध निर्देशक) | ............................... |
| उप. प्रा. तोयानाथ अधिकारी<br>(बाह्य सुपरीवेक्षक) | ............................... |

मिति : २०६९/०४/२३

7 August, 2012

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह दोस्रो वर्ष पाठय्क्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आवश्यकता पूरा गर्नका लागि **"सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रकिया"** शीर्षकको शोधपत्रको प्रस्तावना लेखन कार्यदेखि प्रतिवेदन लेखन कार्यसम्म आफ्नो अमुल्य सहयोग, सल्लाह, सुझाव एवम् निर्देशनका साथै हौशला प्रदान गर्नुहुने आदरणीय गुरु उप.प्रा.रविन्द्र शिवाकोटी ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र संकाय,पाठ्यकम तथा मुल्यांङ्कन विभागका विभागीय प्रमुख प्रा.स्वयं प्रकाश ज.ब.रा. ज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी प्रस्तुत अनुसन्धान कार्य गर्न सक्षम बनाउनु हुने गुरु ज्यूहरु उप.प्रा.देवीप्रसाद भट्टराई, उप.प्रा. किरणराम रञ्जितकार, उप.प्रा.शिवराज बढू, उप.प्रा.यशोधरा पन्त, उप.प्रा. विश्ववाला थापा ज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयहरुका प्र.अ., शिक्षक प्रतिनिधि एवम् विद्यालय  व्यवस्थापन समितिका सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रुपमा उच्च शिक्षा हाशिल गराउन आर्थिक एवम् अन्य सहयोग गर्नुहुने माता सीतादेवी कुवँर, दाजु नारायण कुवँर, दीदीहरु कमला र मन कुवँर साथै जीवनसाथी समसेर कार्कीलाई पनि धन्यवाद दिन चाहन्छु । यसैगरी अनुसन्धानका कममा आवश्यक सहयोग प्रदान गर्नुहुने साथीहरु कविता कुमारी तिमल्सिना, सिर्जना आचार्य, उमा शाही,  मीना एसी, रमा खनाल, सुदर्शन प्रसाद गौतम, गिरीराज उपाध्याय, डिल्ली आचार्यलाई धन्यवाद ज्ञापन गर्दछु ।

शोधत्रलाइ टङ्कन एवम् फोटोकपी, व्याडिङ गरी आवश्यक सहयोग पुर्‍याउनुहुने सुनेश फोटोकपी एण्ड कम्प्युटर सेन्टर, पाँगाका श्री सुनेश श्रेष्ठ तथा नरेश महर्जनप्रति हार्दिक आभार प्रकट गर्दछु । अन्तमा शिक्षाशास्त्र सङ्काय पाठय्कम तथा मुल्यांकन विभागका सम्पूर्ण परिवारलाई हार्दिक धन्यवाद एवम् कृतज्ञताज्ञापन गर्दछु ।

## शोधसार

सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ, शिक्षक भन्नाले उक्त विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ। पहिले साम्दायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुको स्थायी छनौट एवम् नियुक्ति शिक्षक सेवा आयोगले गर्दै आएकोमा विगत करिव २ दशक यता उक्त आयोगले शिक्षकको अस्थायी नियुक्तिको जिम्मेवारी वि.व्य.स.लाई दिए पश्चात जुन तहमा विज्ञापन खुलाई खुल्ला प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तैगरी शिक्षा नियमावलीको ६औं शंसोधन २०६६ ले साविकको अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था हटाई स्थायी पदपुर्ति नभएसम्मका लागि एकपटकमा ६ महिनामा नबढाई २०७० चैत मसान्त सम्म म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। यसै सर्न्दभमा प्रस्तुत शोधपत्र "सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया" शीर्षकमा गरिएको थियो। यस अध्ययनको प्रमुख उद्देश्य सामुदायिक विद्यालयमा शिक्षक छनौटको संयन्त्र पहिचान गर्नु रहेको छ। पाल्पा जिल्लाभित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये श्री चण्डिका प्रा.वि. चण्डभिञ्ज्याङ्ग, श्री नामीकुवा नि.मा.वि. वौघापोखराथोक,श्री प्रभात मा.वि. मैनादी, र श्री लक्ष्मी उ.मा.वि. बन्दिपोखरा पाल्पा गरी जम्मा ४ वटा विद्यालयमा अध्ययन गरिएको थियो।

यस अध्ययनमा गुणात्मक र संख्यात्मक विधिहरुको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको भएता पनि विशेष गरी गुणात्मक विधिद्धारा तथ्याङकको विश्लेषण र व्याख्या गरिएको थियो। अध्ययनका लागी ४ वटा विद्यालयका १/१ जना प्र.अ.,३/३ जना शिक्षक प्रतिनिधी र सम्पूर्ण वि.व्य.स. का सदस्यहरुलाई सम्भावनारहित नमुना छनोट अर्न्तगतको उद्देश्यमुलक नमुना विधिद्धारा छनौट गरिएको थियो। अध्ययनका साधनहरु प्र.अ.र शिक्षकका लागि अर्न्तवार्ता सूची, वि.व्य.स. का सदस्यहरुका लागी लक्षित समुह छलफल निर्देशिका र दस्तावेज अध्ययन प्रयोग गरिएको थियो।

छनौटमा परेका विद्यालयको नि.मा.वि. र मा.वि. तहमा शिक्षक छनोट गर्दा शिक्षा नियमावलीमा उल्लेखित प्रावधानको आधारमा शिक्षक छनौट गरिएतापनि प्रा.वि. तहमा सोहि अनुरुप पाइएन। प्रा.वि., नि.मा.वि. र मा.वि. तीनवटै तहमा अध्यापन गराउने शिक्षक/ शिक्षिकाहरु सबै जसो शैक्षिक योग्यता पूरा गरेका, तालिम लिएका, अध्यापन अनुमतिपत्र प्राप्त र सम्बन्धित विषयमा विषय विशिष्टिकरण गरेका भएतापनि कुनै-कुनै शिक्षक तालिम र अध्यापन अनुमतिपत्र लिने क्रममा रहेको पाइयो। प्रा.वि. तहमा स्थायी, अस्थायी, राहत, नीजिस्रोत र बालविकास सहयोगी कार्यकर्ता, नि.मा.वि. तहमा स्थायी, अस्थायी एवम् बालविकास सहयोगी र मा.वि. तहमा अस्थायी, राहत, निजिस्रोत र बालविकास सहयोगी कार्यकर्ताको दरवन्दी रहेको पाइयो। त्यस्तै गरी सबै तहमा शिक्षा नियमावलीमा उल्लेखित प्र.अ. छनौटका धेरै जसो प्रावधानलाई वेवास्ता गरेको पाइयो भने शिक्षक छनौका आधार, छनौटमा प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वहरु, देखिएका समस्याहरु र समाधानका उपायहरुमा समानता पाइयो। यसरी सबै तहको शिक्षक छनौटको संयन्त्रलाई व्यवस्थित र प्रभावकारी बनाई प्र.अ. /शिक्षक छनौट गर्दा शिक्षा नियमावलीमा उल्लेखित आधारहरुलाई अनिवार्य रुपमा लागु गर्नुपर्ने, प्रा.वि. तहका शिक्षकलाई आधारभुत १० महिने तालिम र नि.मा.वि. र मा.वि. तहका शिक्षकलाई सम्बन्धित विषयमा विषयगत तालिमको व्यवस्था गर्नुपर्ने, देखिएका समस्या समाधानका लागि सम्बन्धित सरोकारवाला (प्र.अ., शिक्षक, वि.व्य.स., राजनैतिक दल र जि.शि.अ.) निकायहरु विशेष चासोका साथ सक्रिय रहनुपर्ने देखिन्छ।

# विषयसूची


| | पेज नं |
|---|---|
| **सिफारिस पत्र** | **i** |
| **स्वीकृति पत्र** | **ii** |
| **कृतज्ञता ज्ञापन** | **iii** |
| **शोधसार** | **iv** |
| **संक्षिप्त शब्दावली** | **ix** |
| **परिच्छेद एक : परिचय** | **१–७** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ अध्ययन क्षेत्रको परिचय | ४ |
| १.३ समस्याको कथन | ५ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ५ |
| १.५ अध्ययनको उद्देश्य | ६ |
| १.६ अध्ययनको औचित्य | ६ |
| १.७ अध्ययनको सीमाङ्कन/परिसीमा | ७ |
| **परिच्छेद दुई सैद्धान्तिक खाँका र सम्बन्धित साहित्यको समीक्षा** | **८–१३** |
| २.१ सैद्धान्तिक खाँका | ८ |
| २.२ सम्बन्धित साहित्यको समीक्षा | ९ |
| २.२.१ शिक्षा आयोगका प्रतिवेदनहरूमा भएको व्यवस्था | ९ |
| २.२.२ शिक्षा ऐन नियमावलीमा भएको व्यवस्था | १० |
| २.२.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा भएको नीतिगत व्यवस्था | १० |
| २.२.४ विद्यालय क्षेत्र सुधार योजना (२०६७-२०७२) मा भएका नीति तथा कार्यक्रमहरू | ११ |

२.३  अवधारणात्मक ढाँचा	१२

**परिच्छेद तीन : अध्ययनविधि	१४–१७**

३.१ अनुसन्धान ढाँचा	१४

३.२ जनसंख्या र नमूना छनोट	१४

३.२.१ विद्यालय छनोट	१५

३.२.२ प्र.अ.को छनोट	१५

३.२.३  शिक्षकको छनोट	१५

३.२.४ वि.व्य.स. का सदस्यहरूको छनोट	१५

३.३.सूचना संकलनका साधनहरू	१५

३.३.१.अर्न्तवार्ता सूची	१६

३.३.२.लक्षित समूह छलफल निर्देशिका	१६

३.३.३  दस्तावेज अध्ययन	१६

३.४ साधनको वैधता निर्धारण	१६

३.५ सूचना संकलन प्रक्रिया	१७

३.६ सूचनाको विश्लेषण प्रक्रिया	१७

३.७ नैतिकताका मापदण्डहरु	१७

**परिच्छेद चार : तथ्यांङ्कको विश्लेषण र व्याख्या	१८–२५**

४.१ शिक्षक छनौट प्रकिया र संयन्त्र	१८

४.१.१ प्राथमिक तहमा शिक्षक छनौट प्रकिया र संयन्त्र	१८

४.१.२ निम्न माध्यमिक तहमा शिक्षक छनौट प्रकिया र संयन्त्र	१९

४.१.३ माध्यमिक तहमा शिक्षक छनोट प्रकिया र संयन्त्र	२०

४.२ शिक्षक छनौटका आधारहरुः	२०

४.३. शिक्षक छनौटमा प्रभाव पार्ने तत्वहरु : २२

४.३.१.शिक्षक छनौटमा प्रभाव पर्ने आन्तरिक तत्वहरु २२

४.३.२.शिक्षक छनौटमा प्रभाव पार्ने वाह्य तत्वहरु २३

४.४. शिक्षक छनौटमा देखा परेका समस्याहरु २३

४.५. शिक्षक छनौटमा देखिएका समस्याहरु समाधानका लागि अपनाएका उपायहरु : २४

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव २६–२८**

५.१. प्राप्ति २६

५.२. निष्कर्ष २७

५.३. सुझाव २८

**सन्दर्भसामग्री २९**

**अनुसूचीहरु**

अनुसुची क प्र.अ.को लागि असंरचित खुला अर्न्तवार्ता अनुसूची: ३०

अनुसुची ख शिक्षकका लागि असंरचित खुला अर्न्तवार्ता अनुसूची ३२

अनुसुची ग विद्यालय व्यवस्थापन समितिका सदस्यहरुका लागि लक्षित समूह छलफल निर्देशिका: ३४

अनुसुची घ अध्ययनका लागि छनौट गरिएका विद्यालयहरु: ३५

अनुसुची ङ छनौटमा परेका विद्यालयका प्राचार्यको विवरण: ३५

अनुसुची च छनौटमा परेका विद्यालयका शिक्षकहरुको विवरण: ३६

अनुसुची छ छनौटमा परेको विद्यालय श्री चण्डीका प्राथमिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण : ३६

अनुसुची ज छनौटमा परेको विद्यालय नामीकुवा निम्न माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण : ३७

अनुसुची झ छनौटमा परेको विद्यालय श्री प्रभात माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण: ३७

अनुसुची ञ छनौटमा परेको विद्यालय श्री लक्ष्मी उच्च माध्यमिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण : ३८

अनुसुची ट प्राथमिक तहमा अध्ययन गराउने छनौटमा परेका शिक्षकहरुको विवरण: ३९

अनुसुची ठ प्रा.वि. तहको शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण ४०

अनुसुची ड निम्न माध्यमिक तहमा अध्यापन गराउने छनौटमा परेका शिक्षकहरुको विवरण: ४०
अनुसुची ढ नि.मा.वि. तहको शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण ४१
अनुसुची ण माध्यमिक तहमा अध्यापन गराउने छनोटमा परेका शिक्षकहरुको विवरण: ४२
अनुसुची त माध्यमिक तहमा शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण ४३
अनुसुची थ शिक्षा नियमावलिमा उल्लेखित प्रधानाध्यापक छनौटका आधारहरु: ४३

## संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| प्र.अ. | प्रधानाध्यापक |
| गा.वि.स. | गाउँ विकास समिति |
| ता.न.पा. | तानसेन नगरपालिका |
| टी.पी.डी. | टिचर्स प्रोफेसनल डेभलोप्मेन्ट |
| रा.शि. आ. | राष्ट्रिय शिक्षा आयोग |
| स.रा.शि.आ. | सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्दतिको योजना |
| उ.रा.शि.आ. | उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोग |
| उ.का. | उच्चस्तरिय कार्यसमिति |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |